MITERI
Development Bank Limited
मितेरी डेभलपमेन्ट बैंक लिमिटेड
(नेपाल राष्ट्र बैंकबाट ख वर्गको इजाजत प्राप्त वित्तिय संस्था)
, कोशी प्रदेश कार्यक्षेत्र भएको
Banking and beyond

Ref No 001/OP243 /082/83

मिति : २०८२/०८/२३

श्री नेपाल स्टक एक्सचेन्ज लि., सिंहदरवार प्लाजा, काठमाडौं ।
श्री नेपाल धितोपत्र बोर्ड खुमलटार, ललितपुर ।
श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड, पुललिसडक, काठमाडौं ।
श्री नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग, बालुवाटार, काठमाडौं ।
श्री नेपाल राष्ट्र बैंक, वित्तीय संस्था सुपरिवेक्षण विभाग, बालुवाटार, काठमाडौं ।
श्री प्रभु क्यापिटल लि. कमलादी, काठमाडौं ।

**विषय : २०औं वार्षिक साधारणसभाको काम कारवाहीको /निर्णय विवरण (माइन्युट) सम्वन्धमा ।**

महोदय,

उपरोक्त सम्वन्धमा यस मितेरी डेभलपमेन्ट बैंक लिमिटेडको मिति २०८२/०८/०६ गते सम्पन्न २०औं वार्षिक साधारण सभाको काम कारवाहीको/निर्णय (माइन्युट) यसै पत्र साथ पेश गरिएको व्यहोरा अनुरोध छ ।

अनन्त कुमार चापगांई
कम्पनी सचिव

Miteri Development Bank Head Office Dharan, Nepal

**संलग्न :**

१. २० औं वार्षिक साधारणसभाको काम कारवाहीको /निर्णय विवरण (माइन्युट) प्रतिलिपि -१ थान ।
२. आ.व. ०८१/८२ को लेखापरीक्षण प्रतिवेदन -१ थन ।

**Head Office**
Dharan-12, Mahendra Path, Sunsari, Nepal
Tel.: 025-536317, 538317

# मितेरी डेभलपेन्ट बैंक लिमिटेडको
# २०औं वार्षिक साधारणसभाको
# काम कारवाहीको विवरण

**१. वैधानिक सभा**

कम्पनी ऐन २०६३ तथा बैंकको प्रवन्धपत्र/नियमावली बमोजिम बैंकको २०औं वार्षिक साधारणसभा सञ्चाक समितिका अध्यक्ष श्री किसन मास्केज्यूको अध्यक्षतामा तल उल्लेखित मिति, समय र स्थानमा बसी तपसिल बमोजिमका विषयहरु उपर छलफल गरी देहाय बमोजिम निर्णय भयो ।

**२. सभाको मिति, स्थान र समय**

मिति :– २०८२। ०८ । ०६
समय :– विहान – ११।०० बजे
स्थान :– सुनसरी उधोग वाणिज्य संघ, धरान १, सुनसरी

**३. सभाको सूचना**

कम्पनी ऐन २०६३ को दफा ६७ र ७६ को उपदफा १ बमोजिम तथा मितेरी डेभलपमेन्ट बैंक लि. को नियमावलीको नियम ४ बमोजिम संचालक समितिको मिति २०८२ कार्तिक १३ गते बसेको २६५औं बैठकबाट बैंकको २०औं वार्षिक साधारण सभा गर्ने निर्णय गरी सूचना तथा सभामा छलफल हुने विषयहरु सम्वन्धी सम्पूर्ण प्रस्तावहरु सबै शेयरधनीहरुको व्यक्तिगत ठेगानामा पठाउनुको साथै २०८२ कार्तिक १४ गतेको नागरिक राष्ट्रिय दैनिक, मिति २०८२ कार्तिक १९ गतेको कारोवार राष्ट्रिय दैनिकमा सभा हुने मिति, समय स्थान र छलफल हुने विषयहरु पनि शेयरधनी महानुभावहरुमा जानकारीको लागि प्रकाशित गरिएको थियो ।

**४. छलफलका विषयहरु :**

**क) सामान्य प्रस्तावहरु :**

१। संचालक समितिको तर्फवाट प्रस्तुत हुने अध्यक्षज्यूको आ.व. २०८१।८२ को वार्षिक प्रतिवेदनउपर छलफल गरी प्रतिवेदन पारित गर्ने सम्वन्धमा ।

२। लेखापरिक्षकको प्रतिवेदन सहितको २०८२ आषाढ मसान्तको वासलात, २०८१ श्रावण १ गतेदेखि २०८२ आषाढ मसान्तसम्मको नाफा नोक्सान हिसाव र सोही अवधिको नगद प्रवाह विवरण पारित गर्ने सम्वन्धमा ।

३। कम्पनी ऐन, २०६३ को दफा १११ वमोजिम आ.व. २०८२।८३ को हरहिसाव लेखापरिक्षण गर्न लेखापरिक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्वन्धमा ।

४। संचालक समितिले शिफारीस गरे बमोजिम शेयरधनीलाई हाल कायम चुक्ता पूँजी रु १,२१,७१,००,०००। (अक्षरेपी एक अर्ब एक्काइस करोड एकहत्तर लाख को १० प्रतिशतले हुन आउने रकम रु १२,१७,१०,०००। (बाह्र करोड सत्र लाख दश हजार मात्र) वराबरको नगद लाभांश (नगद लाभांशमा लाग्ने कर समेत) दिने प्रस्ताव स्वीकृत गर्ने सम्वन्धमा ।

५। बैंकको नियमावली वमोजिम सर्वसाधारण शेयरधनीको तर्फवाट संचालक समितिमा प्रतिनिधित्व गर्ने ३ (तीन) जना संचालकहरुको निर्वाचन गर्ने सम्वन्धमा ।

**ख) विशेष प्रस्तावहरु :**

१। मितेरी डेभलपमेण्ट बैंक लिमिटेड र अन्य कुनै उपयुक्त बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने र गाभिने सम्वन्धमा :

अ) यस बैंक र अन्य कुनै एक वा सोभन्दा वढी उपयुक्त बैंक तथा वित्तिय संस्था एक आपसमा गाभ्ने र गाभिने सम्वन्धी सम्पूर्ण प्रक्रिया अवलम्वन गरी कार्य अघि बढाउन संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

आ) एक आपसमा गाभ्ने र गाभिने प्रक्रियामा चल-अचल सम्पत्ति र दायित्व तथा कारोवारको मूल्यांकन गर्न मान्यता प्राप्त मूल्यांकनकर्ता नियुक्त गर्ने, निजको पारिश्रमिक तय गर्ने लगायतको सम्पूर्ण कार्य गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।



Miteri Development Bank, Head Office, Dharan, Nepal

२। नियमनकारी निकायबाट दिएको निर्देशन बमोजिम बैंकको प्रवन्धपत्र/नियमावलीमा कुनै व्यवसायिक उद्देश्यहरु थप वा संशोधन गर्नु परेमा त्यस्तो संशोधन गर्ने लगायतका अन्य सम्पूर्ण कार्य गर्न संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने सम्वन्धमा ।

३। बैंकले आ.व.मा संस्थागत सामाजिक उत्तरदायित्व अर्न्तगत गरेको रु १ लाखभन्दा वढीको खर्च अनुमोदन गर्ने सम्वन्धमा ।

ग) विविध :

५ उपस्थित

५.१ कम्पनी ऐन, २०६३ को दफा ६८ अनुरुप उपस्थित संचालकहरु

| | | |
|---|---|---|
| १. | श्री किसन मास्के, | अध्यक्ष |
| २. | श्री मेघराज श्रेष्ठ | संचालक |
| ३. | श्री अन्वेष अग्रवाल | संचालक |
| ४. | श्री शम्भुप्रसाद श्रेष्ठ | संचालक |
| ५. | श्रीमती वन्दना वैध | संचालक |
| ६. | श्री रमेश दाहाल | संचालक |
| ७. | श्री नेत्रप्रसाद दाहाल | संचालक |

५.२ अन्य पदाधिकारीको उपस्थित

| | | |
|---|---|---|
| १ | अनन्तकुमार चापागाँई | प्रमुख कार्यकारी अधिकृत एवं कम्पनी सचिव |
| २ | श्री विशाल श्रेष्ठ | वरिष्ठ प्रवन्धक |

५.३ शेयरधनीहरुको उपस्थिति

१. स्वयम् उपस्थित हुने शेयरधनीको संख्या ४६

२. प्रतिनिधिमार्फत उपस्थित हुने शेयरधनीको संख्या ९६

३. जम्मा उपस्थित संख्या : १४२

६. गणपूरक संख्या (कम्पनी ऐन, २०६३ को दफा ७३ अनुरुप)

| विवरण | कुल संख्या | जम्मा उपस्थिति | कुल शेयरको प्रतिनिधित्व |
|---|---|---|---|
| शेयरधनी संख्या | १३२३४ | १४२ | ६७,४७,५६० |
| समूह "क" अर्न्तगत | १३५ | ८९ | ५२,६७,६९९ |
| समूह "ख" अर्न्तगत | १३०९९ | ५३ | १४,७९,०९८ |
| शेयरधनीहरुले ग्रहण गरेको शेयर कित्ता | १,२१,७१,०००। | ६७,४७,५६० | ५५.४८ प्रतिशत |

७. सभाको बैधानिकता र सभाको अध्यक्षता

७.१ कम्पनी ऐन, २०६३ तथा बैंकको प्रवन्धपत्र/नियमावली बमोजिम यस सभा बोलाइएको र कम्पनी ऐनको दफा ७३ को उपदफा (२) अनुसार सभाको गणपूरक संख्या बाँडफाँड कुल शेयर संख्याको कम्तीमा ५० प्रतिशतभन्दा बढि शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरुमध्ये कम्तीमा ३ जना शेयरधनीको उपस्थिति हुनुपर्ने प्रावधान बमोजिम बैंकको २०औं वार्षिक साधारणसभामा राखिएको शेयरधनी हाजिरी पुस्तिकामा हाजिरी जनाउने शेयरधनीको संख्या १४२ भएको र कुल शेयरको संख्या ५५.४८ प्रतिशत प्रतिनिधित्व भएको हुँदा कम्पनी सचिवले साधारण सभाको गणपूरक संख्या पुगेको र प्रचलित कम्पनी कानून अनुसार सभा बैधानीक भएको जानकारी गराउनु भयो ।

७.२ बैंकको प्रबन्धपत्र/नियमावलीमा व्यवस्था भए बमोजिम यस सभाको अध्यक्षता सञ्चालक समितिको अध्यक्षज्यूले गर्ने कुरा कम्पनी सचिवले जानकारी गराउदै दिनको ११:३० बजे अध्यक्ष श्री किसन मास्के ज्यू को अध्यक्षतामा बैंकको २०औं वार्षिक साधारण सभा शुरु गर्न अनुरोध गर्नुभयो ।

७.३ सभाका अध्यक्षले उपस्थित सबै शेयरधनी महानुभावहरुलाई स्वागत एवं अभिवादन गरी उपस्थित संचालकहरुको परिचय दिनु भई सभाको काम कारवाही अगाडि बढाउनु भयो ।

७.४ सभामा स्वागत मन्तब्य संचालक श्री रमेश दाहालज्यूले राख्नुभएको थियो ।

८. वार्षिक साधारण सभाको प्रस्तुती :

१. सभाका अध्यक्षले पूर्व निर्धारित छलफलको विषय सूची अनुसार आ.वं. २०८१।८२ को संचालक समितिको प्रतिवेदन सभामा पढेर सुनाउनु भयो र छलफलका लागि सभासमक्ष पेश गर्नु भयो ।

२. तत्पश्चात् अध्यक्षज्यूले लेखापरिक्षकको प्रतिवेदन सहितको २०८२ आषाढ मसान्तको रु ८ अर्ब ३१ करोड ७९ लाख ३० हजार ९५६ रुपैंया सम्पत्ति तथा दायित्व भएको वासलात, रु १२ करोड ९५ लाख ७७ हजार ५८७ रुपैया खूद नाफा भएको नाफा नोक्सान हिसाव र अन्तिम बैंक तथा नगद मौज्दात रु २३ करोड ३ लाख ८७ हजार ९०३ रुपैया भएको नगद प्रवाह विवरण समेत छलफलका निमित्त सभासमक्ष प्रस्तुत गर्नुभयो ।

३. कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आ.व. २०८१।०८२ को हरहिसाव लेखापरिक्षण गर्न लेखापरिक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्नको लागि सभासमक्ष प्रस्तुत गर्नु भयो ।

४. संचालक समितिले प्रस्ताव गरे बमोजिम आ.व.२०८१।८२ को नाफाबाट शेयरधनीलाई हाल कायम चुक्ता पूंजी रु १,२१,७१,००,०००। (अक्षरेपी एक अर्ब एक्काइस करोड एकहत्तर लाख को १० प्रतिशतले हुन आउने रकम रु १२,१७,१०,०००। (बाह्र करोड सत्र लाख दश हजार मात्र) बराबरको नगद लाभांश (नगद लाभांशमा लाग्ने कर समेत) दिने प्रस्ताव स्वीकृत गर्ने का लागि सभा समक्ष प्रस्तुत गर्नु भयो ।

५. बैंकको नियमावली बमोजिम सर्वसाधारण शेयरधनीको तर्फबाट संचालक समितिमा प्रतिनिधित्व गर्ने ३ ( तीन) जना संचालकहरुको चुनाव सम्वन्धी जानकारी निर्वाचन अधिकृतले प्रस्तुत गर्नु भयो ।

६. बैंकले गत आ.व.मा संस्थागत सामाजिक उत्तरदायित्व अन्तरगत गरेको रु १ लाख भन्दा बढीको खर्च अनुमोदन गर्ने विशेष प्रस्ताव सभासमक्ष प्रस्तुत गर्नुभयो ।

७. मितेरी डेभलपमेण्ट बैंक लिमिटेड र अन्य कुनै उपयुक्त बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने र गाभिने सम्वन्धमा देहायको विशेष प्रस्ताव सभासमक्ष प्रस्तुत गर्नुभयो ।

Mitery Development Bank Head Office Dharan, Nepal

अ) यस बैंक र अन्य कुनै एक वा सोभन्दा बढी उपयुक्त बैंक तथा वित्तिय संस्था एक आपसमा गाभ्ने र गाभिने सम्वन्धि सम्पूर्ण प्रक्रिया अवलम्वन गरी कार्य अघि बढाउन संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

आ) एक आपसमा गाभ्ने र गाभिने प्रक्रियामा चल अचल सम्पत्ति र दायित्व तथा कारोवारको मूल्यांकन गर्न मान्यता प्राप्त मुल्यांकनकर्ता नियुक्त गर्ने, निजको पारिश्रमिक तय गर्ने लगायतको सम्पूर्ण कार्य गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

८. नियमनकारी निकायवाट दिएको निर्देशन बमोजिम बैंकको प्रवन्धपत्र/नियमावलीमा कुनै व्यवसायिक उद्देश्यहरु थप वा संशोधन गर्नु परेमा त्यस्तो संशोधन गर्ने लगायतका अन्य सम्पूर्ण कार्य गर्न संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने विशेष प्रस्ताव प्रस्तुत गर्नुभयो ।

**८. छलफलको लागि आह्वान र सहभागी शेयरधनी महानुभावहरु**

८.१. बैंकको आ.व. २०८१।८२ को संचालक समितिको प्रतिवेदन, २०८२ आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त आ.व. २०८१।८२ को नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरणउपर आ-आफ्नो मन्तव्य प्रकट गर्न र सो सम्वन्धमा कुनै जिज्ञासा तथा सुझाव भए जानकारी गराउन अध्यक्षज्यूले शेयरधनीहरुसमक्ष अनुरोध गर्नुभए पश्चात देहायका शेयरधनीहरुले छलफलको क्रममा प्रत्यक्ष रुपले सहभागी हुँदै देहाय अनुसारका जिज्ञासा तथा सुझावहरु व्यक्त गर्नु भएको थियो ।

८.२ छलफलमा सहभागी भई मन्तव्य राख्नु हुने शेयरधनी महानुभावहरुको नाम :

- श्री राजेश अग्रवाल
- श्री दीप बहादुर कार्की
- श्री मनोहर कार्की
- श्री पर्शुराम अधिकारी
- श्री राजेश अग्रवाल गोयल
- श्री तुलसीप्रसाद वस्ती

१. शेयरधनी तथा पुर्व संचालक राजेश अग्रवाल ज्यूले नगद लाभाँश मात्रै प्रदान गरेको, नगद र बोनस लाभाँश समिश्रण गरेर दिंदा अझ उपयुक्त हुने धारणा राख्नुभयो । आगामी दिनमा पनि यस विषयमा ध्यानाकर्षण गर्दै उपयुक्त निर्णय लिन आग्रह गर्नु भयो । त्यस्तै संस्थागत सामाजिक उत्तरदायित्वका कार्यहरुमा खर्च गर्दा स्थानीय संचालक र शेयरधनीलाई पनि सहभागी गराउदाँ उपयुक्त हुने व्यवहोरा प्रस्तुत गर्नुभयो ।

२. शेयरधनी तथा पुर्व संचालक दीप बहादुर कार्की ज्यूले बोनस लाभाँश दिंदा संस्थापक शेयरधनीको शेयर सँख्या बृद्धि भएता पनि यो दोश्रो बजारमा सहज कारोबार नहुने भएकोले नगद लाभाँशको आवश्यकता बारे प्रकाश पार्नुभयो ।

३. शेयरधनी मनोहर कार्कीज्यूले बोनश र नगद लाभाँश मिलाएर दिन सुझाव दिनुभयो । त्यस्तै उहाँले संस्थागत सामाजिक उत्तरदायित्वका कार्यहरुमा खर्च गर्दा बैंकको प्रचार पनि हुने गरी खर्च गर्न आग्रह गर्नुभयो ।

४. शेयरधनी पर्शुराम अधिकारी ज्यूले संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत खर्च गर्दा पालन गर्नुपर्ने नियम, कार्यबिधि के रहेको ?अथवा सो नभए के आधारमा खर्च गरिएको हो भनी जिज्ञाशा राख्नुभयो ।

५. शेयरधनी तथा पुर्व संचालक राजेश अग्रवाल गोयलज्यूले विगतका वर्ष देखि नै मर्जर सम्बन्धी प्रस्ताव रहे पनि यस सम्वन्धमा भए गरेका प्रगति विवरणको वारेको जिज्ञाशा राख्नु भयो ।

६. शेयरधनी श्री तुलसी प्रसाद वस्ती ज्यूवाट बैंकले व्यवसायमा बृद्धि गर्दै लगेको, केन्द्रीय कार्यालय मार्फत समय सापेक्ष प्रबिधिको प्रयोग मार्फत शाखा कार्यालयहरुको अनुगमन कार्यलाई व्यवस्थीत बनाई खर्चमा न्यूनीकरण गरेको कुरा प्रशंस योग्य रहेको चर्चा गर्नु भयो । उहाँले उपयुक्त बैक तथा बित्तीय संस्थामार्फत मर्जरको प्रस्ताव आएमा आफ्नो शाखमा असर नपर्ने गरी अगाडि बढ्दा उपयुक्त हुने, यस सभावाट नियुक्त हुनुभएका नवनियुक्त संचालकहरुलाई प्रचलित कानूनको अधिनमा रही संस्थाको उच्चतम् हितमा कार्य गर्न अनुरोध गर्दै संस्थामा बितरण योग्य सम्पूर्ण मुनाफा बितरण नगरी केही रकमलाई जगेडामा राख्नुको आवश्यकता साथै केन्द्रीय कार्यलयमा कर्मचारी र व्यवसायको अनुपात सम्बन्धमा समेत जिज्ञाशा राख्नु भयो ।



Miteri Development Bank Head Office Dharan, Nepal

८.३ छलफलमा सहभागी शेयरधनी महानुभावहरुले समसामयिक रुपमा व्यक्त गर्नुभएका सराहना, जिज्ञासा, सुझाव तथा मन्तव्यहरुमा संस्थाको संचालक समितिका अध्यक्षज्यूले धन्यवाद ज्ञापन गर्दै आगामी दिनमा पनि शेयरधनी महानुभावहरुवाट रचनात्मक सुझाव, सल्लाह र सहयोगको अपेक्षा व्यक्त गर्नुभयो ।

८.४ सभामा शेयरधनीहरुले उठाउनु भएको जिज्ञासाहरुको जवाफ अध्यक्ष श्री किसन मास्के एवं प्रमुख कार्यकारी अधिकृतले दिनु भयो ।

**१०. सभाको निर्णय**

**(क) साधारण प्रस्तावहरु :**

१। संचालक समितिको तर्फवाट प्रस्तुत हुने अध्यक्षज्यूको आ.ब. २०८१।८२ को वार्षिक प्रतिवेदनउपर छलफल गरी प्रतिवेदन पारित गर्ने सम्वन्धमा :

सभामा प्रस्तुत आ.व. २०८१।८२ को संचालक समितिको प्रतिवेदन सभापतिज्यूले अनुमोदनको लागि सभासमक्ष प्रस्ताव गर्नु भएकोमा सभाले सर्वसम्मतिबाट अनुमोदन गर्ने ।

२। लेखापरिक्षकको प्रतिवेदन सहितको २०८२ आषाढ मसान्तको वासलात, २०८१ श्रावण १ गते देखि २०८२ आषाढ मसान्तसम्मको नाफा नोक्सान हिसाव र सोही अवधिको नगद प्रवाह विवरण पारित गर्ने सम्वन्धमा :

लेखापरिक्षकको प्रतिवेदन सहितको २०८२ आषाढ मसान्तको वासलात, २०८१ श्रावण १ गतेदेखि २०८२ आषाढ मसान्तसम्मको नाफा नोक्सान हिसाव र सोही अवधिको नगद प्रवाह विवरण पारित गरियोस भनी सभापतिज्यूले सभासमक्ष प्रस्ताव पेश गर्नु भएकोमा सभाले उल्लेखित वित्तीय विवरणहरु सर्वसम्मतिबाट पारित गर्ने निर्णय गर्‍यो ।

३। कम्पनी ऐन, २०६३ को दफा १११ वमोजिम आ.व. २०८१।८२ को हरहिसाव लेखापरिक्षण गर्न लेखापरिक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने सम्वन्धमा :

कम्पनी ऐन, २०६३ को दफा १११ वमोजिम आ.व. २०८१।०८२ को हरहिसाव लेखापरिक्षण गर्न लेखापरिक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्न अध्यक्षज्यूले सभासमक्ष प्रस्ताव पेश गर्नुभएकोमा आ.व. २०८२।०८३ को अन्तिम लेखापरिक्षण, कर लेखापरिक्षण, लङ्गफम अडिट रिपोट, धितोपत्र वोर्डको प्रतिवेदन, कम्पनी ऐन २०६३ को दफा ७८ बमोजिम कम्पनी रजिष्ट्रारको कार्यालय लगायतमा पेश गर्नुपर्ने प्रतिवेदन तयार गरे वापत पि. डि. एस. एण्ड एसोशिएट्स साझेदारी फर्म, काडमाडौं अन्तर्गतका चार्टर एकाउन्टेण्ट सुरज तिम्सिनालाई आर्थिक वर्ष २०८२।८३ लागि रु ५ लाख ३९, हजार शुल्क प्रदान गर्ने गरी नियुक्ती गर्ने प्रस्ताव सर्वसम्मतिबाट पारित् गर्ने निर्णय गरियो ।

४। शेयर धनीहरुलाई नगद लाभांश प्रदान गर्ने सम्वन्धमा :

संचालक समितिले प्रस्ताव गरे वमोजिम आ.व.२०८१।८२ को नाफाबाट शेयरधनीलाई हाल कायम चुक्ता पूंजी रु १,२१,७१,००,०००। (अक्षरेपी एक अर्व एक्काइस करोड एकहत्तर लाख को १० प्रतिशतले हुन आउने रकम रु १२,१७,१०,०००। (बाह्र करोड सत्र लाख दश हजार मात्र) बरावरको नगद लाभांश (नगद लाभांशमा लाग्ने कर समेत) दिने प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो ।

५। बैंकको प्रवन्धपत्र/नियमावी वमोजिम सर्वसाधारण शेयरधनीको तर्फबाट संचालक समितिमा प्रतिनिधित्व गर्ने ३ (तीन) जना संचालकहरुको प्रतिनिधित्व गर्ने सम्वन्धमा :



Miteri Development Bank Head Office Dharan, Nepal

बैंकको नियमावली बमोजिम सर्वसाधारण शेयरधनीको तर्फबाट संचालक समितिमा ३ (तीन) जना संचालकहरुको प्रतिनिधित्व गर्ने सम्वन्धमा निर्वाचन अधिकृत अधिवक्ता श्री सरोज ढुंगेलज्यूले निर्वाचनको कार्यक्रम एवंम देहायका शेयरधनीहरु सर्वसम्मत निर्वाचित हुनुभएको व्यहोरा सभालाई जानकारी गराउनु भयो र सभाले निर्वाचित सर्वसाधारण शेयरधनीको तर्फबाट संचालक समितिमा प्रतिनिधित्व गर्ने शेयरधनीहरुलाई संचालकको रुपमा सर्वसम्मतिले अनुमोदन गर्ने निर्णय गऱ्यो ।

क) श्री शम्भु प्रसाद श्रेष्ठ
ख) श्रीमती वन्दना वैद्य
ग) श्री सुमित कुमार अग्रवाल

**ख) विशेष प्रस्तावहरु :**

१। मितेरी डेभलपमेण्ट बैंक लिमिटेड र अन्य कुनै उपयुक्त बैंक तथा वित्तिय संस्था एक आपसमा गाभ्ने र गाभिने सम्वन्धमा :

मितेरी डेभलपमेण्ट बैंक लिमिटेड र अन्य कुनै उपयुक्त बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने र गाभिने सम्वन्धमा देहायको विशेष प्रस्ताव सभाले सर्वसम्मतिबाट पारित गर्ने निर्णय गऱ्यो ।

अ) यस बैंक र अन्य कुनै एक वा सोभन्दा बढी उपयुक्त बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने र गाभिने सम्वन्धी सम्पूर्ण प्रक्रिया अवलम्वन गरी कार्य अघि बढाउन संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

आ) एक आपसमा गाभ्ने र गाभिने प्रक्रियामा चल अचल सम्पत्ति र दायित्व तथा कारोबारको मूल्यांकन गर्न मान्यता प्राप्त मूल्यांकनकर्ता नियुक्त गर्ने, निजको पारिश्रमिक तय गर्ने लगायतको सम्पूर्ण कार्य गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

२। नियमनकारी निकायबाट दिएको निर्देशन बमोजिम बैंकको प्रवन्धपत्र/नियमावलीमा कुनै व्यवसायिक उद्देश्य थप तथा संशोधन गर्नु परेमा त्यस्तो संशोधन गर्ने लगायतका अन्य सम्पूर्ण कार्य गर्न संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने सम्वन्धमा :

नियमनकारी निकायले दिएको निर्देशन बमोजिम बैंकको प्रवन्धपत्र/नियमावलीमा कुनै व्यवसायिक उद्देश्य थप तथा संशोधन गर्नु परेमा त्यस्तो संशोधन गर्ने लगायतका अन्य सम्पूर्ण प्रकृया पूरा गर्न संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने विशेष प्रस्ताव सभाले सर्वसम्मतिबाट पारित गर्ने निर्णय गऱ्यो ।

३। बैंकले गत आर्थिक वर्षमा संस्थागत सामाजिक उत्तरदायित्व अर्न्तगत गरेको रु १ लाख भन्दा बढीको खर्च अनुमोदन गर्ने सम्वन्धमा ।

बैंकले गत आ.व.मा संस्थागत सामाजिक उत्तरदायित्व अर्न्तगत गरेको रु १ लाखभन्दा बढीको खर्च अनुमोदन गर्ने विशेष प्रस्तावलाई सभाले सर्वसम्मतिबाट पारित गर्ने निर्णय गऱ्यो ।

**ग) विविध :**

साधारण सभाको निर्णय पुस्तिकामा कम्पनी ऐन, २०६३ मा व्यवस्था भए बमोजिम अध्यक्ष श्री किसन मास्के ज्यू तथा कम्पनी सचिव श्री अनन्त कुमार चापागाँइज्यूले प्रमाणित गर्ने व्यहोरा साधारणसभालाई जानकारी गराईयो ।

Miteri Development Bank Head Office Dharan, Nepal

११. धन्यवाद ज्ञापन तथा सभा विसर्जन :

छलफल तथा निर्णयको क्रम समाप्त भएपछि संचालक समितिका अध्यक्ष श्री किसन मास्केज्यूले सम्पूर्ण शेयरधनी, प्रमुख कार्यकारी अधिकृत, सम्पूर्ण कर्मचारी तथा सम्वन्धीत सरोकारवालाहरुलाई धन्यवाद ज्ञापन गर्नु भयो । अन्तमा अध्यक्षज्यूले शेयरधनी महानुभावहरुबाट सकारात्मक तथा सक्रिय रुपले सहभागी हुनका साथै उहाँहरुबाट आवश्यक मार्गदर्शन प्राप्त भएकोमा तथा २०औं साधारणसभा सफलतापूर्वक संचालन एवं सम्पन्न गर्न आफ्नो अमूल्य समय दिई उपस्थित हुनु भएकोमा सम्पूर्ण शेयरधनीहरु तथा सम्बन्धित सबैलाई धन्यवाद ज्ञापन गर्दै दिनको १:४५ बजे सभा विसर्जन गर्नुभयो ।

(अनन्त कुमार चापागाँई)
प्रमुख कार्यकारी अधिकृत तथा कम्पनी सचिव

Miteri Development Bank Head Office Dharan, Nepal

(किसन मास्के)
अध्यक्ष, संचालक समिति